नवलपुर जिल्ला अदालत
कावासोती
२०७४

# श्री नवलपुर जिल्ला अदालतवाट जारी भएको

# सूचना

विश्वभरी महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाईरस(COVID-19) को प्रकोपवाट बच्न जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पूर्व) ले कोभिड-१९ को संक्रमणको जोखिम कम गर्न जिल्ला स्थित बढी सम्पर्क हुने कार्यालय/निकायहरुले अत्यावश्यक सेवाहरु न्यूनतम जनशक्ति परिचालन गरी स्वास्थ्य सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गरी प्रदान गर्ने र सो सम्बन्धि व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने भनी मिति २०७७।०४।२९ मा सूचना जारी गरेको र कावासोती नगरपालिकाको मिति २०७७।०४।२९ गते बसेको नगर कार्यपालिकाले मिति २०७७।०४।२९ गते दिनको २ बजे देखि मिति २०७७।०५।०६ सम्म कोरोना भाइरस रोगको नियन्त्रण तथा न्यूनिकरणका लागि स्वास्थ्य सेवा बाहेक पालिका क्षेत्रभित्र सम्पूर्ण सरकारी कार्यालयहरु, गैह्र सरकारी कार्यालयहरु, लघु वित्तीय संस्थाहरुको सेवा सञ्चालनमा रोक लगाउने निर्णय गरी सो अनुसार गर्नु गराउनु हुन प्रेस विज्ञप्तिमार्फत अनुरोध गरेको सन्दर्भमा नवलपुर बारका प्रतिनिधि तथा जिल्ला सरकारी वकिलको कार्यालयको प्रतिनिधि समेत सँगको छलफलबाट प्राप्त सुझाव समेतको सन्दर्भमा विश्वभरी महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाईरस(COVID-19) को प्रकोपवाट बच्नको लागि कावासोती नगरपालिका स्थित यस नवलपुर जिल्ला अदालतले २०७७।४।३० देखि मिति २०७७।०५।०६ सम्म देहाय बमोजिमका सेवाहरु मात्र प्रवाह गर्न उपयुक्त देखिएकोले उपयुक्त निकासाको लागि श्री उच्च अदालत पोखराका माननीय मुख्य न्यायाधीशज्यूसमक्ष अनुरोध गरी पठाएकोमा माननीय का.मू. मूख्य न्यायाधीशज्यूबाट माग भै आए बमोजिम निकासा दिइएको भनी श्री उच्च अदालत पोखराको च.नं. ७७७, मिति २०७७।०४।३० को पत्रबाट निकासा प्राप्त हुन आएकोले यस नवलपुर जिल्ला अदालतले २०७७।४।३० देखि मिति २०७७।०५।०६ सम्म देहाय बमोजिमका सेवाहरु मात्र प्रवाह गरिने वेहोरा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

__तपसिलः__

१. यस अवधिमा पर्न सक्ने बन्दिप्रत्यक्षीकरण निवेदनको सुनुवाई र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को १५५ अनुसारको निवेदन तथा बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धि निवेदन उपर हुने कारवाही एवम् पक्राउ पुर्जी अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धि कार्य,

२. अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको वयान लिने, थुनछेक आदेश गर्ने, सजाय निर्धारणको कार्य गर्ने, कल डिटेलको अनुमति दिने सम्बन्धि कार्य

३. यस महामारीसँग सम्बन्धित गम्भिर प्रकृतिका निवेदनहरुको कारवाही र सुनुवाई सम्बन्धि कार्य।